प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २६६ ॥ २०८२ मंसिर १० गते बुधबार (26th Nov 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

## रोहिंग्या मुसलमानहरु प्रवेश गर्न लागेपछि झापामा सुरक्षा सतर्कता

• लक्ष्मी उप्रेती

मेचीनगर। बंगलादेशबाट भारत हुँदै रोहिंग्या मुसलमानहरु नेपाल प्रवेश गर्न लागेको भन्दै पूर्वी नेपालको सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको छ । भारत छिरेका बंगलादेशका रोहिंग्या मुसलमानहरु अवैध तरिकाले नेपालमा समेत प्रवेश गर्न लागेकाले नेपाल –भारत सीमा क्षेत्रमा कडाइ गरिएको हो । भारतको पश्चिम बंगाल र उत्तर प्रदेश राज्यबाट बंगलादेशी रोहिंग्या मुसलमानहरु नेपाल प्रवेश गर्न खोजेको आशंका गरिएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको एनडीए सरकारले पश्चिम बंगाल र उत्तर प्रदेश राज्यमा मतदाता शुद्धीकरण (एस.आइ.आर.) कार्यक्रम सञ्चालन गरिरहेको छ । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्य नाथ नेतृत्वको सरकारले लुकिछिपी बसोबास गरिरहेका बंगलादेशका रोहिंग्या मुसलमानका लागि शरणार्थी शिविर स्थापना गरेको छ । खोजी खोजी बंगलादेशी रोहिंग्या मुसलमानलाई शिविरमा राख्न थालेपछि त्यहाँ भागाभागको अवस्था छ । खुल्ला सिमानाका कारण उनीहरु सहज र सरल तरिकाले नेपाल प्रवेश गर्नसक्ने देखिएको छ ।

बंगलादेशमा देखिएको राजनीतिक संकट र हिंसाका कारण धेरै रोहिंग्या मुसलमानहरु भारत छिरेका छन् । उनीहरु नेपाल प्रवेश गर्ने सम्भावना बलियो छ । पछिल्लो समय बंगलादेशमा हिंसा बढेसँगै भारतको बाटो हुँदै नेपालमा बंगलादेशीहरु प्रवेश गर्न सक्ने सूचना आएपछि स्थानीय प्रशासनले सतर्कता अपनाएको हो । खासगरी नेपाल प्रवेशको काँकरभिट्टा, भद्रपुर तथा गौरीगञ्ज नाकाहरु र अन्य स्थानमा समेत सुरक्षा व्यवस्था कडा पारिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

'यसै विषयलाई लिएर जिल्लास्थित सुरक्षा समितिको बैठक समेत सम्पन्न भएको छ' सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले भने,'आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशका सचिवसहितको उपस्थितिमा समेत बैठक बसेको थियो । बैठकमा यो विषयमा कुरा उठेको थियो ।'

यसैगरी झापाका सबै प्रहरी कार्यालयका अधिकारीहरुलाई सतर्क राखिएको छ । जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक राजन लिम्बूले मंगलवार जिल्लाका प्रहरी अधिकारीहरुको बैठक राखी नाकाहरुमा कडाई गर्न र बंगलादेशबाट रोहिंग्या मुसलमानहरु छिरेको आशंका भए पक्राउ गरी कार्वाही गर्न निर्देशन दिएको बुझिएको छ ।

झापा जिल्लामा मेचीनगरदेखि



गौरीगञ्जसम्मको एक सय ४४ किलोमिटर लामो खुला सिमाना रहेको छ । खुला सिमानाको फाइदा उठाउँदैं कसैले पनि गलत क्रियाकलाप गर्न नसकून् भनेर भारतसँग सीमा जोडिएका नेपालतर्फको नाकामा प्रहरीले उच्च निगरानी बढाएको कार्यालयका सूचना अधिकारी समेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी प्रसाईले बताए । केही दिनअघि अबैधरुपमा काँकरभिट्टा नाका हुँदैं बंगलादेशी नागरिक नेपाल छिर्न लागेको गोप्य सूचना प्रशासनलाई जानकारी प्राप्त भएको थियो । त्यसलगत्तै नेपाली सुरक्षा अधिकारीहरुले हरेक नाकाहरुमा उच्च सतर्कता अपनाएको र निगरानी बढाएको कार्यालयको भनाई छ ।

भारतको पानीट्यँाकीबाट नेपालको काँकरभिट्टा नाका हुँदैं बंगलादेशका नागरिक नेपाल प्रयास गर्ने प्रयास गरिरहेका खवर विभिन्न स्रोतबाट प्राप्त हुने गरेको सहायक प्रमुख जिल्ला अधिकारी प्रसाईको भनाई छ । नेपालको झापाबाट बंगलादेशको राजधानी ढाका करिब पाँच सय किलोमिटर टाढा पर्छ । मेची पुलबाट बंगलादेश जोड्ने फूलबारी नाका पनि करिब ३८ किलोमिटर मात्रै टाढा पर्छ । बंगलादेशीहरू भारतीय नागरिक(बंगाली) बनेर अवैध रूपमा नेपाल छिर्ने गरेका घटना बेला-बेला सार्वजनिक हुँदै आएका कारण पनि पछिल्लो समय नेपालतर्फ आवतजावत गर्नेलाई कडाई गरिएको र शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिएर आवश्यक जानकारी लिने गरिएको एकजना उच्च प्रहरी अधिकृतले बताए ।

बंगलादेशको राजधानी ढाकास्थित अन्तर र्ाष्ट्रिय अपराध न्यायाधिकरण अदालतले पूर्व प्रधानमन्त्री शेख हसिनालाई मानवता विरुद्धका अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको सजाय सुनाएपछि फेरि बंगलादेशको राजनीतिक संकट र हिंसाका बढ्न सक्ने देखिएको छ । ५ अगस्ट २०२४ मा आन्दोलन भड्किएर हसिनासहित अन्य तत्कालीन सरकारका आरोपी देश छाडेर भाग्नु परेको थियो । अगस्ट २०२४ मा हसिना देशबाट भागेर भारतमा निर्वासनमा रहेकी छन् ।

छिमेकी देश बंगलादेशमा पछिल्लो महिना दिनयताको विकसित राजनीतिक परिस्थितिका कारण बंगलादेशीहरू धमाधम देश छाड्ने क्रम शुरु भएको छ । भारत हुँदै अवैध रूपमा नेपाल प्रवेश गर्न सक्ने प्रशस्त सम्भावना देखिएकाले पनि नेपालतर्फ सरक्षा व्यवस्था र चेकजाँचलाई कडाई पारिएको हो । 'बंगलादेशमा विकसित राजनीतिक घटनाक्रमपछि नेपाल सरकारले सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाएको छ ' एकजना प्रहरीका उच्च अधिकारीले भने, ' बंगलादेशको राजनीतिक घटनाक्रमको असर नेपालसम्मै पर्न सक्ने जोखिमलाई ध्यान दिँदै सीमा क्षेत्रबाट हुने आवागमनलाई सुक्ष्म निगरानी गर्न र अवैध घुसपैठ नियन्त्रण गर्न सुरक्षाकर्मीहरुको उपस्थिति बाक्लो बनाएका छौ ।' नेपाली सुरक्षा अधिकारीहरुका अनुसार हसिना समर्थक र हालको अन्तरिम सरकार पक्षधरबीच थप हिंसा भड्किन सक्ने र यसबाट नेपालसम्मै असर पुग्ने आशंकासहित नेपालतर्फ नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागतका सुरक्षा संयन्त्रलाई उच्च सतर्कतासहित परिचालन गरिएको उनको भनाई छ । आबश्यक परे सशस्त्र प्रहरी, नेपाल प्रहरीले सीमा सुरक्षा र

❖ बाँकी पृष्ठ ३ मा

## इलाका प्रशासन कार्यालय गौरीगञ्जका तत्कालीन प्रमुखसहित १० जनामाथि भ्रष्टाचार मुद्दा

झापा(प्रस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानी प्रक्रियामा अनियमितता, उमेर हेरफेर र गैरकानुनी शुल्क असुलीसम्बन्धी उजुरीको



अनुसन्धानपछि विशेष अदालत काठमाडौंमा मंगलवार १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

राहदानी विभाग, त्रिपुरेश्वरबाट मागिएको कागजातको अध्ययनपछि २०७९ साउनदेखि असोजसम्म इलाका प्रशासन कार्यालय, गौरीगञ्ज झापाबाट जारी भएका केही राहदानीमा जन्म मिति हेरफेर गरी गैरकानुनी रूपमा राहदानी जारी गरिएको पाइएको हो।

अनुसन्धानका क्रममा राहदानी वाहक विनोद कुँवर, सीमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुङ्गेल र बलराम महतोको राहदानीमा उनीहरूको नेपाली नागरिकतामा उल्लेखित जन्म मितिभन्दा २ देखि ८ वर्षसम्म उमेर घटाइएको वा बढाइएको प्रमाण भेटिएको छ। यसरी बदनियतपूर्ण रूपमा सरकारी कागजातमा हेरफेर गरी राहदानी जारी गर्ने कार्यमा तत्कालीन इलाका प्रशासन प्रमुख शाखा अधिकृत चूडामणि आपगाँई, नायब सुब्बा रविनकुमार राजवंशी, कम्प्युटर अपरेटर आकाश मगर, कार्यालय सहयोगी जीवनकुमार दाहाल प्रत्यक्ष संलग्न रहेको देखिएको छ। त्यसैगरी, झापा जिल्ला प्रशासन कार्यालयमार्फत सन् २०१३ मा जारी विनोद कुँवर र बलराम महतोका राहदानीमा पनि उमेर हेरफेर गरी जारी गरिएको पाइएकाले तत्कालीन प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल र केशवप्रसाद रिजाल समेत संलग्न रहेको भेटिएको छ। त्यस्तै राहदानी वाहक विनोद कुँवर, सीमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुङ्गेल र बलराम महतोलाई पनि सजाय मागदाबी गरिएको छ।

अनुसन्धानमा राहदानीका लागि उमेर घटाइदिने र बढाइदिने नाममा कर्मचारीहरूले अनलाइनमार्फत रकम असुलेको, कसैले प्रश्न गर्दा राहदानी 'ब्लक' गरिदिने धम्की समेत दिने गरेको तथ्य पनि खुलेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम कसूर ठहरिने प्रमाण मिलेपछि विशेष अदालतमा उनीहरू विरुद्ध कानूनअनुसारको सजाय माग्दै आरोपपत्र दायर गरिएको विशेष अदालतले जनाएको छ। यो मुद्दा हाल विशेष अदालतमा दर्ता भइसकेकोले अब कानुनी प्रक्रिया अघि बढ्नेछ।

### जेनजी आन्दोलनपछि मोडिफाई बाइकको आतंक

## एक महिनामा ६० वटालाई कार्वाही

झापा(प्रस) । भदौ २४ को जेनजी आन्दोलनपछि स्वरुप परिवर्तन गरी ठुलो आवाजमा ध्वनि प्रदूषण गरेर चलाउने मोटरसाइकलको संख्या बढेपछि प्रहरीले कार्वाही अभियान



चलाएको छ ।

करिव एक महिनाको अवधिमा ६० वटा मोटरसाइकलमाथि कार्वाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । कात्तिक १ गतेदेखि मंसिर ८ गतेसम्म त्यति धैरै मोटरसाइकललाई कार्वाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख, प्रहरी निरीक्षक सन्तोष राईले बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडबाट २५ , ट्राफिक प्रहरी कार्यालय दमकबाट १५ , ट्राफिक प्रहरी कार्यालय चन्द्रगढीबाट ६ , ट्राफिक प्रहरी पोष्ट सुरुङ्गाबाट ३ , ट्राफिक प्रहरी पोष्ट काँकडभिट्टाबाट ७, ट्राफिक प्रहरी पोष्ट शनिश्चरेबाट २ र ट्राफिक प्रहरी पोष्ट बुधवारेबाट २ वटा मोटरसाइकलमाथि कार्वाही गरिएको हो ।

केही समयदेखि जिल्ला ट्राफिक प्रहरी कार्यालयले स्वरुप परिवर्तन गरी ठुलो आवाजमा रातको समयमा सर्वसाधारण आम नागरिकलाई त्रसित हुने गरी ध्वनि प्रदूषण गर्ने मोटरसाइकलहरुलाई कारबाही गर्ने कार्यलाई निरन्तरता दिएको प्रहरी निरीक्षक राईले जानकारी दिए ।

स्वरुप परिवर्तन गरेर चलाउने मोडिफाई बाइकको आतंक भएपछि जिल्लाव्यापी कार्वाही अभियान चलाउनु परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए ।

## नेपालको ऋण २७ खर्ब २९ अर्ब

झापा(प्रस) । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिक (साउन १ देखि कात्तिक मसान्तसम्म) मा ५५ अर्ब ३६ करोड सार्वजनिक ऋण थपिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब ४ करोड रहेको थियो । कात्तिक मसान्तसम्म आइपुग्दा त्यसमा ५५ अर्ब ३६ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व २७ खर्ब २९ अर्ब ४१ करोड पुगेको हो ।

यो कुल गार्हस्थ उत्पादनको ४४.६९ प्रतिशत हुन आउने कार्यालयले जानकारी दिएको छ । कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३.२५ प्रतिशत रहँदा आन्तरिक ऋणको हिस्सा ४६.७५ प्रतिशत छ ।

चालु आर्थिक वर्षमा ५ खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा कात्तिक मसान्तसम्म १ खर्ब ३८ अर्ब ७५ करोड ऋण प्राप्त भएको कार्यालयले जानकारी लिएको छ । यो वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति २३.२९ प्रतिशत हो ।

त्यसमा पनि आन्तरिक ऋण प्राप्तिको प्रगति ३३.१५ प्रतिशत रहेको छ जबकी बाह्य ऋण प्राप्तिको प्रगति ८.०३ प्रतिशत रहेको छ । कार्यालयका अनुसार कुल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ८६.४८ र १३.५२ प्रतिशत रहेको छ ।

त्यस्तै चालु आर्थिक वर्षमा ऋण सेवा खर्चमा ४ खर्ब ११ अर्ब १ करोड बजेट विनियोजन भएकोमा कात्तिक मसान्तसम्म १ खर्ब ५० अर्ब ८८ करोड भुक्तानी भएको कार्यालयले जानकारी दिएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ३६.७१ प्रतिशत हो । कुल गार्हस्थ उत्पादनको आधारमा कात्तिक मसान्तसम्ममा कुल ऋण सेवा खर्च २.४७ प्रतिशत रहेको कार्यालयले जानकारी दिएको छ ।

## एमाले अध्यक्षमा ओलीसँग भिड्ने पोखरेलको घोषणा

झापा(प्रस) । नेकपा एमालेमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टी अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन्। अध्यक्ष केपी शर्मा ओलीसँग वरिष्ठ उपाध्यक्ष पोखरेलले प्रतिस्पर्धामा उत्रने घोषणा मंगलवार गरेका हुन्।

संस्थापन पक्षका नेताहरूले ओलीको विकल्प नरहेको दाबी गरिरहँदा पोखरेलले अध्यक्ष ओलीलाई अब अभिभावकको भूमिकामा बसेर नेतृत्व हस्तान्तरणतर्फ अगाडि बढ्न आग्रह गरेका छन्।

मंगलवार औपचारिक रूपमा अध्यक्ष पदका लागि उम्मेदवारी घोषणा गरेका पोखरेलले वक्तव्यमार्फत पार्टी पुनर्गठन र रूपान्तरणका लागि कार्यकर्ताबाट आएको सुझावअनुसार आफूले अध्यक्षको उम्मेदवारी दिने उल्लेख गरेका छन्।



एमालेको ११औं महाधिवेशन मंसिर २७ देखि २९ गतेसम्म हुँदै छ। महाधिवेशनमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको समर्थनमा पोखरेल अध्यक्ष ओलीसँग प्रतिस्पर्धामा उत्रने तयारीमा लागेका छन्।

आफ्नो अपिलमा पोखरेलले पार्टीका कार्यकर्ताको योग्यता, क्षमता र रुचिअनुसार जिम्मेवारी बाँडफाँड गर्दै सामूहिक नेतृत्वमार्फत एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

पोखरेलले पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यता नवीकरण गर्नुपर्ने माग पनि उठाएका छन्। दुई कार्यकाल राष्ट्रपतिको भूमिका सम्हालेकी भण्डारीको सदस्यता नवीकरणको विषय लामो समयदेखि विवादमा छ। संस्थापन-इतर नेताहरूले ११औं महाधिवेशनमा प्रत्येक पदमा प्रतिस्पर्धा हुने र यसपटक आफूहरू पछि नहट्ने बताएका छन्।

अध्यक्ष ओलीले चुनाव हारेपछि पार्टी छोडेर गएका माधवकुमार नेपाल र भीम रावलको प्रसंग उठाउँदै त्यही हालतमा पुर्‍याउने चेतावनी दिँदै आएका छन्।

## दुर्गा प्रसाईको अभियानद्वारा लुईटेलसहित चारजनालाई पदमुक्त

झापा(प्रस) । दुर्गा प्रसाई नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, सस्कृति र नागरिक बचाउ महाअभियानले बिर्तामोडका ओमप्रकाश लुईटेलसहित चारजनालाई पदमुक्त गरेको छ ।

नागरिक बचाउ महाअभियान नेपालका सचिवालय सदस्य, युवा तथा खेलकुद बिभाग संयोजक बिष्णुजङ्ग बस्नेत र केन्द्रीय सदस्य तथा पीडीएफ सह-संयोजक गोपाल बोहरालाई सबै जिम्मेवारीबाट हटाई निष्कासन गरिएको हो ।

त्यस्तै अभियानले सचिवालय सदस्य ओमप्रकाश लुईटेल र केन्द्रीय सदस्य तथा मेची अञ्चल सहसंयोजक प्रकाश उप्रेतीलाई सबै जिम्मेवारीबाट हटाई निलम्बन गरिएको छ ।

अभियानका सङ्गठन बिभाग प्रमुख प्रेम थापा मगर र सङ्गठन बिभाग सचिव प्रेमदिप लिम्बूले मंगलवार प्रेस विज्ञप्ति जारी गरी अभियानको लक्ष्य, एकता बिश्वासलाई धुमिल पारी खलल पुर्‍याएको, अभियन्ताहरुबिच गलत भ्रम फैल्याउने कार्य गरेको, पीडितहरुलाई न्याय दिनु पर्नेमा उल्टै पीडितहरुबाट आर्थिक असुलीको धन्दा चलाउने कार्य गरेको, सङ्गठनमा गुट बनाई अराजकता फैलाएको, पीडित नागरिकहरुको कागजपत्र जफत गरी, ब्ल्याकमेलिङ गरी आर्थिक मोलमोलाई गरेको, सङ्गठनको चेनअफ कमान्ड पटकपटक अनुशासनको उल्लंघन गरेको, नेतृत्व र महाअभियानलाई गम्भीर क्षति पुर्‍याउने कार्य गरेकोले आजको मितिबाट लागु हुनेगरी उनीहरुलाई सबै प्रकारको जिम्मेवारीहरुबाट पद मुक्त गरिएको जानकारी दिएका छन् ।

विज्ञप्तिमा कार्वाही गरिएकाहरुसँग अभियानका अभियन्ताहरुले कुनै पनि प्रकारको संगत र गतिविधि नगर्न हुन सचेत गराइएको छ । यदि पीडितहरु कार्वाही गरेकाहरुसँग फसे अभियान अथवा आफ्नो संगठन जिम्मेवार नहुने समेत सचेत गराइएको छ ।

## सम्पादकीय

# ठगीको दुश्चक्र

वैदेशिक रोजगारीको प्राथमिकतामा नपर्ने म्यानमार, लाओस, कम्बोडियाजस्ता मुलुकमा काम खोज्दै पुग्नु नै सामान्य होइन । ती मुलुकमा नेपाली कामदार पुऱ्याइनु नै ठगीको दुश्चक्रको थालनी भएको देखिएको छ । त्यसरी ठगिएका कामदारमध्ये अधिकांशको जीवन कहालीलाग्दो हुनपुग्छ ।

'बन्धक' बनाएर ठगी वा अवैध धन्दामा समेत लगाइने ती देशमा पुऱ्याइएका नेपालीहरू ठगहरूको गिरोहबाट उम्कन पाउनु ठूलै सौभाग्य मानिने गर्छ । यिनीहरू थाइल्यान्ड र म्यानमारस्थित नेपाली दूतावासको सम्पर्कमा पुगे भने उद्धार गरेर नेपाल फर्किन पाउँछन् । थाइल्यान्डस्थित नेपाली राजदूतका अनुसार ती मुलुकमा लगेर अहिले अवैध आपराधिक काममा लाग्न बाध्य पारिएका नेपालीको संख्या 'डरलाग्दोसँग बढेको' छ । बैंककस्थित नेपाली दूतावासले यस वर्षमात्र त्यस क्षेत्रबाट ६७ जनाको उद्धार गरी नेपाल फर्काइसकेको उनले बताएका छन् ।

सामान्यतः म्यानमार, लाओस, कम्बोडियाजस्ता मुलुक वैदेशिक रोजगारीको गन्तव्य होइनन् । यसैले बिचौलिया र ठग गिरोहको चङ्गुलमा फसेर नेपालीहरू लुकिछिपी त्यहाँ पुगेका हुन्छन् । यसरी लुकिछिपी पुऱ्याइएकाहरू सामान्य कामभन्दा अवैध आपराधिक धन्दामा लगाइनु अस्वाभाविक पनि होइन ।
उनीहरूलाई जति नै आकर्षक रोजगारीको लोभ देखाए पनि गिरोहको चङ्गुलमा फसिसकेपछि अवैध काममा लाग्नु बाध्यतै हुन्छ । यसले ती झुक्याइएका नेपाली कामदारमाथि स्थानीय कानुनअनुसार विभिन्न अपराधमा मुद्दा चल्ने र कैदलगायत सजाय हुने जोखिम पनि उत्तिकै हुन्छ ।
यसै सट्याकसुटुक जाने र अधिकांशः अवैध काममा लाग्ने हुनाले तिनको वास्तविक संख्या पनि राज्यलाई थाहा हुँदैन । सम्भवतः काम गरिरहेका मुलुकमा पनि त्यसरी अवैध काममा संलग्न नेपाली कामदारको तथ्याङ्क छैन । यसले तिनको उद्धार कार्य पनि नियति र भाग्यकै भरोसामा हुने गरेको देखिन्छ ।
नेपाल सरकारले आकर्षक रोजगारका लोभमा ठग गिरोहको फन्दामा पर्न पुगेका नागरिकको उद्धारका लागि केही गरेको छैन भन्नु न्यायोचित हुँदैन । म्यानमार, कम्बोडिया र लाओसमा अलपत्र परेकाहरूकै उद्धार अहिले थाइल्यान्ड र म्यानमारस्थित नेपाली दूतावासको मुख्य काममध्येको एउटा हुनपुगेको छ ।
यस्तै, ती क्षेत्रमा रोजगारीका लागि आउनुपूर्व ठग गिरोहको चङ्गुलमा परे नपरेको सुनिश्चित गरेरमात्र आउन पनि सरकारले सचेत गराएको देखिन्छ । तर, छिटै धेरै कमाइहाल्ने लोभले अधिकांश युवा विचारै नगरी होमिने गर्छन् । यसैले रोक्न र सचेत बनाउन योजनाबद्धरूपमै लाग्नु जरुरी देखिन्छ ।

नेपाली युवालाई ठग्ने गिरोहमा नेपालीहरूसमेतको संलग्नता हुनसक्छ । उद्धारपछि राम्ररी अनुसन्धान गरी ठगीमा संलग्नहरूमाथि कानुनबमोजिम कारबाही गरेर यस प्रकारको ठगी रोक्नुपर्छ । यसैगरी सम्बन्धित मुलुकका सरकारसँग सहयोग लिएर पनि नेपालीको उद्धार र तिनलाई अवैध काममा लाग्न बाध्य बनाउने अपराधीहरूविरुद्ध कानुनी कारबाही गराउनु जरुरी देखिन्छ ।




# निर्वाचनमा सिक्नुपर्ने पाठ



• रमेश अधिकारी

भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा भएको जेनजी आन्दोलनपछि अन्तरिम सरकार गठन भई फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन घोषणा गरिएको छ । ठुला दलमध्ये नेपाली कांग्रेस, मधेशकेन्द्रित आठदलीय मोर्चा र अन्य राजनीतिक दलले निर्वाचनमा भाग लिने निर्णय गरिसकेको छ । विघटित प्रतिनिधि सभामा ठुला दल नेकपा (एमाले) संसद् पुनर्स्थापनाको पक्षमा गए पनि निर्वाचनका लागि रणनीति बनाउँदै गरेको छ । यसले राजनीतिक दल निर्वाचनकेन्द्रित भई बिस्तारै चुनावी वातावरण बन्दै छ । सङ्कटको मझधारमा उभिएको नेपालका लागि निर्वाचनको कुनै विकल्प देखिँदैन ।

सय दिनभित्र निर्वाचन कसरी सम्पन्न गर्न सकिन्छ भनेर सरकार तथा अन्य निकाय गम्भीर रूपमा लाग्नुपर्ने देखिन्छ । सङ्क्रमणकालबाट गुज्रिएका अन्य मुलुकमा छोटो अवधिमा निर्वाचन गरेर नयाँ सरकारलाई सत्ता हस्तान्तरण गरेको उदाहरण पाइन्छ । नेपालमा यो अवधिमा निर्वाचन गर्नै नसकिने होइन तर त्यसमा द्रुत गतिमा काम गर्न आवश्यक छ । करिब हाम्रै स्थितिमा गुज्रिएका समान राजनीतिक उथलपुथल भोगेका श्रीलङ्का, बङ्गलादेश र ट्युनिसियाका उदाहरणबाट नेपालले के सिक्ने वा के नसिक्ने भन्ने विश्लेषण हाम्रा लागि उपलब्धि हुने छन् । ती देशले सङ्क्रमणकालीन प्रक्रिया कसरी समाले, कुन कुन अवरोध आए र अन्ततः निर्वाचन कसरी सम्पन्न गरे भन्ने पक्ष हेर्न सकिन्छ ।

श्रीलङ्का : निर्वाचनसँगै आर्थिक सुधार

सार्ककै सदस्य राष्ट्र श्रीलङ्काले तीन वर्षअघि मात्र लामो सङ्क्रमण भोग्यो र आर्थिक पुनरुत्थानको सङ्घर्ष गऱ्यो । राष्ट्रपति कार्यकारी प्रमुख हुने र संसद् विधायिकी भूमिकामा रहने श्रीलङ्कामा सन् २०२२ मार्चमा ठुलो आर्थिक सङ्कट बेहोऱ्यो । यसबाट अनपेक्षित रूपमा राजनीतिक उथलपुथल भयो । भ्रष्टाचार, चिनियाँ ऋणको बोझ र राजापाक्षे परिवारको अधिनायकवादका कारण युवा र मध्यमवर्गको उत्साहजनक सहभागितामा श्रीलङ्कामा 'अरगलाया' (सङ्घर्ष) नामक जनआन्दोलन भयो । आन्दोलनले हिंसात्मक झडप निम्त्यायो र सन् २०२२ जुलाईमा राष्ट्रपति गोटाबाया राजापाक्षेलाई राजीनामा दिन बाध्य बनायो । रानिल विक्रमासिङ्घे अन्तरिम राष्ट्रपति बन्नुभयो ।

निर्वाचनको कुरा गर्दा सन् २०२२ जुलाईमा अन्तरिम राष्ट्रपतीय निर्वाचन भयो तर पूर्ण संसदीय र राष्ट्रपतीय निर्वाचन सन् २०२४ सेप्टेम्बरमा ७० प्रतिशत मतदानसहित सम्पन्न भयो । यसरी श्रीलङ्काको सङ्क्रमणकालपछि निर्वाचन हुन दुई वर्ष लाग्यो । सङ्क्रमणकाल व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय सहयोगको भूमिका महत्वपूर्ण रह्यो । सन् २०२२ मा अन्तर्राष्ट्रिय मुद्राकोषबाट २.९ बिलियन डलरको ऋण प्याकेज, भारत, जापान र युरोपीय सङ्घबाट मानवीय सहायता प्राप्त सहयोगले सङ्क्रमणलाई टिकायो र भ्रष्टाचार र आर्थिक सङ्कटबाट गुज्रिएका श्रीलङ्काका जनताले राहत पाए ।

श्रीलङ्काबाट नेपालले भ्रष्टाचारविरुद्ध सुशासनको माग राखेर गरिएको नेपालको जेनजी आन्दोलनको मर्म अनुसार सङ्क्रमणलाई व्यवस्थापन गर्न र जनतालाई राहत दिनका लागि निर्वाचन सँगसँगै आर्थिक सुधारलाई प्राथमिकता दिँदा मात्र राजनीतिक स्थिरता ल्याउँछ । आर्थिक आधार बलियो नभएमा राजनीतिक स्थिरता टिक्दैन । चुनाव तयारीसँगै अर्थतन्त्र र रोजगारीसम्बन्धी कार्यक्रम चाहिन्छ । श्रीलङ्काको निर्वाचन आयोगको प्राविधिक क्षमता र स्वायत्तताबाट पनि नेपालले सिक्न सक्छ । स्वतन्त्र अन्तरिम व्यवस्थापनको उचित प्रयोगले मात्र श्रीलङ्काले निर्वाचन गराउन सफल भयो । यसका लागि सक्षम निर्वाचन आयोग, उचित सुरक्षा र नागरिक समाजको सक्रिय सहयोग पनि उत्तिकै महत्वपूर्ण रह्यो ।

बङ्गलादेश : बदला र निषेधले अन्योल

बङ्गलादेशबाट नेपालले उनीहरूको सफलताबाट भन्दा सङ्कटबाट केही सिक्न सक्छ । बङ्गलादेशको राज्यव्यवस्था संसदीय प्रजातन्त्र हो । शेख हसिनाको १५ बर्से शासन यतिसम्म अधिनायकवादी बनेको थियो कि लगातार दुई पटकसम्मको आवधिक निर्वाचनमा प्रतिपक्ष दलले निर्वाचन बहिष्कार गरेको थियो । भ्रष्टाचार र आर्थिक असमानताबाट पीडित बङ्गलादेशमा सन् २०२४ जुनमा कोटा प्रणालीविरुद्ध विद्यार्थीले सुरु गरेको सडक प्रदर्शनमा व्यापक सरकारी दमन भयो । जसमा एक हजार चार सयभन्दा बढीको मृत्यु र हजारौँ व्यक्ति घाइते भए । सन् २०२४ को अगस्तमा हसिनाले देश छोडेर छिमेकी राष्ट्र भारतमा शरण लिनुपऱ्यो ।

नोबेल विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । यस सरकारले संवैधानिक सुधार र चुनावी सुधारमा जोड दिए पनि सङ्क्रमणकाल बढ्दै गएको छ । यस अवधिमा भारत र चीनबाट सतर्क सहयोग, अमेरिका र युकेबाट मानव अधिकार निगरानी र अन्तर्राष्ट्रिय मुद्राकोषबाट आर्थिक सहायता लिएर बिस्तारै अर्थतन्त्र लयमा फर्किन्छ कि भन्ने आशा जागेको छ । निर्वाचन सन् २०२६ फेब्रुअरीको पहिलो हप्ता गर्ने भनिए पनि हालसम्म मिति किटान भएको छैन । हालै त्यहाँको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणले शेख हसिनालाई मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको घोषणाले फेब्रुअरीमा निर्वाचन हुन सक्ने सम्भावना न्यून देखिन्छ । त्यहाँ थप हिंसा हुन सक्ने सम्भावना देखिएको छ ।

बङ्गलादेशबाट नेपालले पाठ लिनु जरुरी हुन्छ । सन् २०२५ मेमा बङ्गलादेशको अन्तरिम सरकारले अवामी लिगका सबै गतिविधिलाई प्रतिबन्धित गरेको र निर्वाचन आयोगले दर्ता निलम्बन गरेको छ । जसले गर्दा पार्टीलाई सामान्य रूपमा चुनावी गतिविधिमा भाग लिन असहज बनाएको छ । कानुनी, सङ्गठनात्मक र चुनावी रूपमा अन्तरिम सरकारले उक्त पार्टीलाई दबाबमा राखेको छ । अघिल्लो सरकारले गरेको ज्यादतिका कारणको कानुनी रूपमा अगाडि नबढ्दा दण्डहीनताको स्थिति आउन सक्छ । यस्तो निषेधको राजनीतिले सङ्क्रमणकाल लम्बिने पक्का छ ।

ट्युनिसिया : घनीभूत संवाद र सहमति

१० महिनाको तीव्र सङ्क्रमण र लोकतन्त्रको सफल मोडेल मानिएको ट्युनिसियाको राज्यव्यवस्था मिश्रित संसदीय-राष्ट्रपतीय प्रणाली हो, जसलाई अरब स्प्रिङले लोकतान्त्रिक बनायो । जासिर बेन अलीको २३ बर्से तानाशाही कार्यशैलीबाट बेरोजगार र भ्रष्टाचारबाट आजित ट्युनिसियाका जनता र 'जस्मिन क्रान्ति' को नाममा सन् २०१० डिसेम्बरमा श्रमिक, युवा र मध्यमवर्गको व्यापक सहभागितामा सुरु भएको आन्दोलनले बेन अलीको विरासत सदाका लागि अन्त्य गरेर भाग्न बाध्य गरायो ।

सङ्क्रमणकालको व्यवस्थापन गर्न बेन अलीको निर्वासनको १० महिनामा अन्तरिम सरकार गठन, राजनीतिक पार्टीको खुलापन र संविधान सभाको तयारी भयो । सन् २०११ को फेब्रुअरीमा संविधान सभा निर्वाचनको आधारसमेत तयार भयो । सङ्क्रमणकालको व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय सहयोगका रूपमा युरोपियन युनियन र अमेरिकाबाट एक बिलियन डलर सहायताका साथै संयुक्त राष्ट्रसङ्घबाट निर्वाचन निगरानीमा प्राविधिक तथा आर्थिक सहयोग प्राप्त भयो भने युरोपेली देशले लोकतन्त्र निर्माणमा सुरुदेखि नै सहकार्य गरे ।

सन् २०११ अक्टोबरमा निर्वाचन भई एनाहदा इस्लामिस्ट पार्टी विजयी भयो । स्वतन्त्र निर्वाचन आयोगले काम गऱ्यो, मतदान ५० प्रतिशत थियो । ट्युनिसियाबाट नेपालले सिक्नै पर्ने दुई वटा कुरा छ । पहिलो जतिसक्दो सङ्क्रमणकाललाई छोट्याएर निर्वाचन गर्दा छिटो देश लयमा फर्कन्छ । दोस्रो निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित बनाउन विभिन्न सरोकारवालासँग नियमित र घनिभूत वार्ता गर्नु पर्छ । यसले स्थिरता ल्याउने र सङ्क्रमणकाललाई छिटो टुङ्ग्याउन अन्तर्राष्ट्रिय साझेदारसँग प्राविधिक तथा आर्थिक सहयोग लिन सकिन्छ ।

नेपालले सिक्नुपर्ने पाठ

पहिलो, सबै सरोकार साझेदारसँग नियमित, घनिभूत र प्रभावकारी वार्तामार्फत आमसहमति गरेर अगाडि बढ्न सकियो भने निर्वाचनमा सहभागिता बढाउन सकिन्छ । ट्युनिसिया यसको उपयुक्त उदाहरण हो । दोस्रो, नेपालले विसं २०४६ र २०६२ सालमा क्रमशः जनार्दन मल्लिक र कृष्णजङ्ग रायमाझीको जाँचबुझ आयोगले बुझाएको प्रतिवेदन कार्यान्वयन भएन । जसले नेपालमा दण्डहीनता निम्त्यायो । यस पटक त्यो खराब अभ्यास नदोहोरियोस् । कारबाही अमुक दल वा व्यक्तिलक्षित नहोस् । बङ्गलादेश जस्तो निषेधको राजनीतिले भविष्य झन् अन्योलमा जाने डर रहन्छ ।

तेस्रो, श्रीलङ्काको जस्तो आर्थिक उत्थान र रोजगारीका अवसरको सिर्जना गरेर युवा रोजगारी र भ्रष्टाचार नियन्त्रणलाई जोड दिन सकियो भने सरकारप्रतिको विश्वसनीयता र अपनत्व बढेर निर्वाचन सहज हुन्छ । चौथो, देशको आर्थिक उत्थानका लागि मात्र हैन आगामी निर्वाचन स्वच्छ र स्वतन्त्र बनाउन अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्न अत्यावश्यक देखिन्छ । यसका लागि भारत, चीन र पश्चिमका राष्ट्रसँग सन्तुलित सहयोग लिन आवश्यक देखिन्छ । जुन कुरा तिनै देशले अपनाएको देखिन्छ ।

पाँचौं, निर्वाचन प्रक्रिया मजबुत बनाउन ट्युनिसियाको प्रभावकारी विधि सिक्नु पर्छ भने बङ्गलादेशको हिंसाबाट बच्न सुरक्षा टास्क फोर्सलाई सक्रिय गरेको अनुभव उपयोगी हुन सक्छ । कुल ७० प्रतिशत मतदाताले मतदान गरेको श्रीलङ्काबाट मतदाता शिक्षालाई कसरी प्रभावकारी बनायो भनेर सिक्न आवश्यक छ । नेपालको करिब सात दशकको विभिन्न कालखण्डमा भएका निर्वाचनको आफ्नै विशिष्ट अनुभव छन् । त्यसमा ट्युनिसिया, श्रीलङ्का र बङ्गलादेशबाट सिकेर अगाडि बढ्न सके मात्र फागुन २१ गतेको निर्वाचन स्वच्छ, स्वतन्त्र, समावेशी, विश्वसनीय र भयरहित हुन सक्छ ।

# बिजुली उत्पादनबाटै दिगो विकास



• केबी बस्नेत

विकास एक निरन्तर प्रक्रिया हो । यसको विद्युत्सँग गहिरो सम्बन्ध हुन्छ । जुन देशमा बिजुलीको बढी खपत हुन्छ, त्यहाँ बढी आर्थिक विकास हुन्छ तर जुन देशमा बिजुलीको खपत कम हुन्छ, त्यहाँ पछौटेपन बढी हुन्छ । नेपाल जलस्रोतका लागि धनी मानिन्छ । यो विश्वको एक विपुल जलभण्डार हो । जसको सही परिचालनबाट जलविद्युत् मात्र नभई बढ्दो सिँचाइ एवं खानेपानीको समस्या समाधान गर्न सकिन्छ ।

नेपालमा झन्डै छ हजार नदीनाला छन् । जसको संरक्षण एवं सदुपयोग गर्न सके यहाँको सम्पूर्ण खेतीयोग्य जग्गामा सिँचाइ गरी कृषि उत्पादन बढाउन सकिन्छ । परन्तु हालसम्म पनि यहाँको अधिकांश खेतीयोग्य जग्गामा सिँचाइ सुविधा पुऱ्याउन नसकिएकाले प्रत्येक वर्ष आकाशे पानीमा भर पर्नुपर्ने बाध्यता छ । फलतः यहाँको कृषि उत्पादन बढाउन नसकी आयातमुखी हुनु परेको छ । नेपालमा कुल ३९ लाख ३१ हजार हेक्टर खेतीयोग्य जमिन छ । यहाँ ७५ देखि आठ हजार ८४८ मिटर उचाइमा विद्यमान हावापानीमा सबै किसिमका खाद्यान्न, फलफूल र सागपातको खेती गर्न सकिन्छ तर राजनीतिक अस्थिरता र सम्बन्धित पक्षको ध्यान आकृष्ट हुन नसक्नाले यहाँ हालसम्म पनि ठोस कृषि विकास हुन सकेको छैन ।

नेपाल एक कृषिप्रधान देश भएकाले कृषि विकासबिना यहाँको सर्वाङ्गीण विकास सम्भव छैन । यसै सन्दर्भमा कृषि विकासका लागि विसं २०५२ मा दीर्घकालीन कृषि नीति निर्माण गरियो । पछिल्लो समय २०७२-९२ अर्थात् २० वर्ष कृषि रणनीति अवलम्बन गरिएको छ । जसको मुख्य उद्देश्य खाद्यान्नमा आत्मनिर्भर हुने, रोजगारी सिर्जना गर्ने र खाद्य तथा पोषण सुरक्षा गर्ने हो । उक्त उद्देश्य परिपूर्तिका लागि ठुला सिँचाइ आयोजनाको आवश्यकता पर्छ । यसै सन्दर्भमा सिकटा, कुलरिया जमुनिया, बेरी बबई डाइभर्सन जस्ता ठुला सिँचाइ आयोजना अगाडि सारिएका छन् । यिनीहरूको निर्माण कार्य सुरु गरिएको एक शताब्दी बितिसक्दा पनि सम्पन्न गर्न सकिएको छैन ।

वस्तुतः ठुला सिँचाइ आयोजना सरकारले मात्र निर्माण गर्न सक्ने पुरानो सोच हालसम्म पनि यहाँ विद्यमान छ । परिणामतः उक्त आयोजना यथोचित समयमा सम्पन्न गर्न सकिएको छैन । भविष्यमा यी आयोजनामा निजी क्षेत्रको सक्रियता बढाउने हो भने चाँडै नै सम्पन्न गर्न सकिने सम्भावना देखिन्छ । हाल सिँचाइ सुविधा पुऱ्याउन नसकिएका नेपालका खेतीयोग्य जमिनमा लघु सिँचाइ, स्यालो ट्युबवेल, लिफ्ट सिँचाइ र थोपा सिँचाइ व्यापक बनाउन जरुरी छ । यसो गर्न सकेमा स्वदेशी कृषि उत्पादन बढेर आयात घट्ने छ र यहाँको कुल गार्हस्थ्य उत्पादनमा केही योगदान बढ्ने छ ।

आज जनसंख्या वृद्धिको कारण विश्वभर खानेपानीको समस्या दिन प्रतिदिन तीव्र रूपले बढिरहेको छ । यस सन्दर्भमा नेपाल पनि अछुतो रहन सकेको छैन । उक्त समस्याको न्यूनीकरणका लागि यहाँ विद्यमान जलसम्पदाको अधिकतम परिचालन गर्न आवश्यक छ । नेपाल जलसम्पदाका लागि एक सम्पन्न राष्ट्र भए तापनि राजनीतिक नेतृत्वको यथास्थितिवादी सोचका कारण उक्त सम्पदाको सोचे अनुरूप सदुपयोग गर्न सकिएको छैन । यहाँ बेला बेला भारतबाट विद्युत् आयात गर्नुपर्ने अवस्था सिर्जना हुन्छ ।

केही वर्षयता नेपालमा बिजुलीको उत्पादन बढ्नुका साथै खपत पनि दिनहुँ बढिरहेको छ । वास्तवमा विकासका लागि यो शुभ सङ्केत हो । केही वर्षयता नेपालमा विद्युत् उत्पादन वृद्धि भएको छ । यस सन्दर्भमा नेपाल विद्युत् प्राधिकरणबाट ५७३.६ मेगावाट र थर्मल प्लान्टबाट ५८ मेगावाटसहित कुल ६३१ मेगावाट विद्युत् उत्पादन भएको छ । निजी क्षेत्रबाट यहाँ दुई हजार ४३६ मेगावाट विद्युत् उत्पादन गरिएको छ । स्वच्छ ऊर्जा उत्पादनका लागि निजी क्षेत्रले निकै लगानी गरेकाले ऊर्जाको विश्व बजारमा नेपालको प्रवेश भएको छ । हाल यो विद्युत् खपत गर्ने देशमध्ये ११५ औँ स्थानमा रहेको छ । सन् २०३५ सम्ममा नेपालमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य छ । उक्त लक्ष्य पूरा गर्न सकिएमा भविष्यमा यहाँको सर्वाङ्गीण विकासमा धेरै योगदान पुग्ने छ ।

नेपाल सरकारले आगामी १२ वर्षमा कुल २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहितको ऊर्जा विकास रणनीति बनाएको छ । यसलाई व्यवहारमा उतार्न सकेमा भविष्यमा यहाँको विद्युत् व्यापार अभिवृद्धि भई अर्थतन्त्रमा समेत केही योगदान पुग्ने छ । बढ्दो वायु प्रदूषणको दुष्प्रभाव न्यूनीकरणका लागि केही वर्षयता विद्युतीय सवारीसाधनको प्रयोगमा ध्यानाकृष्ट भएको छ । यद्यपि हाल यहाँको बढ्दो तापक्रम घटाउन खनिज ऊर्जाको विकल्पमा हरित ऊर्जाको खोजी भइरहेको छ । वास्तवमा जलविद्युत् पनि हरित ऊर्जा हो । जसको प्रयोग गरेर हाइड्रोजन ऊर्जा आवश्यकता अनुसार उत्पादन गर्न सकिन्छ । स्वच्छ पानीको उपलब्धता एवं धेरै जलविद्युत् उत्पादनको सम्भावनाको कारण हाइड्रोजन ऊर्जा उत्पादन नेपालका लागि उपयुक्त मानिन्छ । यथार्थतः इलेक्ट्रोलिसिस प्रविधि प्रयोग गरी पानीबाट हाइड्रोजन ऊर्जा उत्पादन गरिन्छ । यसका लागि धेरै ऊर्जा आवश्यक पर्छ, जुन नेपालमा उपलब्ध छ ।

नेपाल आयल निगमको आर्थिक सहयोगमा काठमाडौं विश्वविद्यालयले परीक्षणको रूपमा हाइड्रोजन ऊर्जा उत्पादन गरेपछि नेपालमा हाइड्रोजन ऊर्जा उत्पादनको नयाँ सम्भावना देखिएको हो । हाल यहाँको केही जलविद्युत् आयोजनाले वर्षा याममा पानीको सदुपयोग गरी हाइड्रोजन ऊर्जा उत्पादन गर्ने चासो देखाएका छन् । यसरी हाइड्रोजन उत्पादन निरन्तर रूपले बढाउन सकेमा वातावरण प्रदूषण न्यून मात्र नभई आयआर्जन पनि हुने छ । साधारणतया एक केजी हाइड्रोजन ऊर्जा उत्पादन गर्न १० लिटर स्वच्छ पानी र इलेक्ट्रोलिसिसका लागि ४० देखि ४५ युनिट खपट हुन्छ । यो ऊर्जा भण्डारण एवं सवारीसाधनमा रिफिलिङ र ट्याङ्करमा ढुवानी गर्न सजिलो भएकाले सबैका लागि उपयोगी हुने छ ।

विश्वमा पेट्रोलियम पदार्थको खपत निरन्तर रूपले बढिरहेको छ । प्रत्येक वर्ष यसको मूल्यको उतारचढावले विश्व अर्थतन्त्र नै प्रभावित भएको छ । प्रत्येक वर्ष नेपालले सञ्चित गरेको विदेशी मुद्राको ठुलो अंश पेट्रोलियम पदार्थको खरिदमा बाहिरिन्छ । यहाँ आयात गरिने वस्तुहरूमा उक्त पदार्थ सबैभन्दा बढी भएकाले यसको आयातलाई विस्थापन गर्न हाइड्रोजन ऊर्जाको उत्पादनले ठुलो सघाउ पुऱ्याउँछ । पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा निर्भर रहन्छ । प्रत्येक वर्ष त्यसको मूल्य चुकाउन नेपाललाई हम्मेहम्मे पर्छ । यदि भविष्यमा यहाँ पर्याप्त मात्रामा हाइड्रोजन ऊर्जा उत्पादन गर्न सकेमा उक्त पदार्थको मूल्यका उतारचढावले खासै फरक पर्दैन ।

स्वच्छ पानीको पर्याप्त उपलब्धता एवं जलविद्युत्को धेरै सम्भावना भएको नेपालमा हाइड्रोजन ऊर्जा उत्पादन उपयुक्त मानिन्छ । विद्युत् निर्यात गर्न पहल गर्नुपर्ने यस देशले आफैँ बिजुली खपत गरेर आवश्यक हाइड्रोजन ऊर्जा उत्पादन गर्न सक्छ । केही वर्षयता नेपालमा ब्याट्रीबाट चल्ने सवारीसाधन धेरै प्रचलनमा छन् । भविष्यमा यी साधनलाई हाइड्रोजन ऊर्जाको माध्यमबाट चलाउन सकेमा देशलाई आर्थिक दृष्टिबाट धेरै नै फाइदा हुने छ । हाइड्रोजन ऊर्जा उत्पादन गर्दा रासायनिक मल पनि उत्पादन गर्न सकिन्छ । जुन नेपाल जस्तो कृषिप्रधान देशका लागि नितान्त आवश्यक छ ।

नेपालमा बर्सेनि झन्डै २१ अर्ब बराबरको रासायनिक मल आयात गरिन्छ । यदि भविष्यमा यहाँ हाइड्रोजन ऊर्जा उत्पादन गर्न सके रासायनिक मल पनि उत्पादन गर्न सकिने भएकाले एकातर्फ विदेशी मुद्रा जोगिने छ भने अर्कोतर्फ परनिर्भरता घट्ने छ । वस्तुतः पानीलाई बिजुलीद्वारा टुक्राएर हाइड्रोजन ग्यास उत्पादन गरिन्छ । जसबाट बिजुली उत्पादन गर्नाले सामान्य बिजुलीभन्दा सस्तो एवं भरपर्दो हुन्छ ।

केही वर्षयता नेपालमा विद्युत् उत्पादनको काममा निकै नै वृद्धि भएको छ । यस सन्दर्भमा नेपाल विद्युत् प्राधिकरणबाट ५७३.६ मेगाबाट र थर्मल प्लान्टबाट ५८ मेगावाट सहित कुल ६३१ मेगावाट विद्युत् उत्पादन गरिएको छ । निजी क्षेत्रबाट यहाँ दुई हजार ४३६ मेगावाट विद्युत् उत्पादन गरिएको छ । निजी क्षेत्रबाट यहाँ दुई हजार ४३६ मेगावाट विद्युत् उत्पादन गरिएको छ

❖ बाँकी तेस्रो पृष्ठमा

